# लेकम गाँउपालिका
## आर्थिक वर्ष २०८०/०८१
## नीति तथा कार्यक्रम

तेह्रौ गाउँसभाको नीति तथा कार्यक्रम सार्वजनिकिकरण सत्रमा उपस्थित लेकम गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लेकम गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु , गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भुतपूर्व जनप्रतिनिधिज्यूहरु विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संचारकमी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण लेकमका आदरणीय आमा-वुवा, दाजुभाई तथा दिदि-बहिनीहरु ,

यस गाउँपालिकाको आ.व २०८०-०८१ को नीति तथा कार्यक्रम यस गरिमामय तेह्रौ गाउँसभा समक्ष प्रस्तुत गर्न पाउदा म अत्यन्त खुसि भएको छु । स्थानीय सरकार नेपाली जनताको त्याग बलिदानीपूर्ण लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संबिधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान अगाडी बढि रहेको छ । यस अवसरमा गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु साथै विभन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक, सामाजिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष



राम दत्त जोशी
गा.पा.अध्यक्ष

हामि एक स्वाभिमान र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौ । प्राकृतिक भू-बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो वर्तमान परिवेश जटिल एवं चुनौतिपूर्ण भएता पनि भविष्य उज्वल र सम्भावनायुक्त छ । नेपालमा संघीय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ विभिन्न कालखण्डमा नेपाली जनताले गरेको त्यागले सिर्जित वर्तमान अवसरलाई आर्थिक ,सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेकै चुनौतीका बीच पनि निरन्तर आर्थिक विकास गर्ने हो । आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्न स्वच्छ प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो । समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तब्य हो । परिवर्तनलाई सस्थागत गरि विकास र आर्थिक संवृद्धि आत्मसाथ गर्ने वर्तमान परिवेशमा प्रत्यक्ष र अर्पत्यक्ष रुपमा कुशल भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण लेकम गाउँपालिका बासी र सबै शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

लेकम गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य-मान्यता, मानवअधिकार, सामाजिक न्याय, सहकार्य-सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ ।

लोकतन्त्रको अभ्यास संगसंगै शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सम्पूर्ण लेकम बासि आम जनसमुदायले गर्न सकुन भन्नेमा अत्यन्त सचेत छु ।

गाउँपालिकाको भौगौलिक, सामाजिक, आर्थिक विविधता तथा साँस्कृतिक एकतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न योजनाबद्ध र प्राथमिकताको आधारमा विकास निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा गाँउपालिका प्रतिबद्ध छ । संघीय सरकारले अंगालेको "संमृद्ध नेपाल सुखी नेपाली" भन्ने मान्यतामा आधारित जनउत्तरदायी,

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

पारदर्शी, मेहनति र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु ।

नेपालको संविधानको अधिनमा रही स्थापित लेकम गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो । यस स्थानीय सरकारलाई सार्थक, समृद्ध र सक्षम एवंम सफल बनाउन आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु ।

नीति तथा कार्यक्रमलाइ तर्जुमा गर्दा नेपालको संबिधान र प्रचलित ऐन-कानुनहरुले औल्याएका विषय बस्तु, दिगो बिकासका लक्ष्य, १५ औ योजना, मध्यकालिन खर्च संरचना समेत आँकलन गरि यस सभामा प्रस्तुत गर्न उपस्थित

भएको छु ।

उपस्थित महानुभावहरु,

लेकम गाउँपालिकाको तेह्रौ गाउँसभामा यस गाउँपालिकाको" **धार्मिक, सांस्कृतिक, पर्यटन र पुर्वाधारको विकास-सम्बृद्ध लेकमको लागि सुशासन र विकासमा हाम्रो प्रयास"** सहितको दीर्घकालिन्न सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास तर्फ**

**कृषि तथा पशु विकास**

- *"कृषि नै जीवन, कृषि नै धन" भन्ने मुल अभियानका साथ लेकम गाउँपालिकाको कृषि विकास कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।*
- लेकम गाउँपालिका भित्र रहेको सम्पुर्ण भूमिको वर्गिकरण यसै वर्ष सम्पन्न गरिने छ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष



राम दत्त जोशी
गा.पा.अध्यक्ष

- कृषिमा उत्पादन र उत्पादकत्व वढाउन कृषि आधुनिकिकरण/व्यवसायीकरण लाई प्राथमिकता दिईने छ।
- कृषक समूह, व्यवसायिक कृषक, कृषि/पशु फर्म र समितिहरुलाई कृषि सम्बन्धि तालिम, गोष्ठी, भ्रमणमा सहभागी गराई क्षमतामा अभिवृद्धि गरिने छ।
- किसानहरुलाई मल, बीउ, औषधी, फलफूलका विरुवाहरु, भुई घाँस, डाले घाँस, उपलब्ध गराई उत्पादनमा बृद्धि गरि जीविकोपार्जनमा सुधार गरिने छ।
- कृषि तथा पशुपालन लाई व्यवस्थित गर्न कृषि तथा पशुपंक्षीजन्य व्यवसायको अभिलेखिकरण तथा नियमन गर्न कृषि तथा पशुदर्ता प्रणाली कार्यान्वयनमा ल्याईनेछ।
- हाल पशुहरुमा महामारीको रुपमा देखिरहेको लम्पी स्किन डिजिज रोगको नियन्त्रणको लागि आवश्यक व्यवस्था गरिनेछ।
- कृषि तथा पशु पशुपंक्षी जन्य उत्पादकत्व बढाउन अनुदानको व्यवस्था गरिनेछ।
- कृत्रिम गर्भाधान(AI) प्रविधि मार्फत उन्नत पशु प्रजनन सेवालाई निरन्तरता दिइनेछ।
- **"हाम्रो जमिन हाम्रो लगानी, बाँझो रहन दिने छैनौ कतै पनि"** भन्ने नाराका साथ बाँझो जमिनलाई प्रयोगमा ल्याउने युवा तथा किसानलाइ उत्पादनको आधारमा विशेष अनुदानको व्यवस्था गरिने छ।
- उन्नत जातको फलफूल तथा तरकारीको बीउविजन वितरण गरिनेछ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष



राम दत्त जोशी
गा.पा. अध्यक्ष

- कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरि उत्कृष्ट कृषकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- कृषि लाई व्यवसायिकरण र आधुनिकीकरण गर्दै खाद्यान्न तरकारी फलफूल, मौरीपालन र खाद्यान्न बाली वस्तु पकेटहरु सञ्चालन गरी कृषकलाइ कृषि पेशामा आत्मनिर्भर बनाइने छ ।
- लेकम गाउँपालिकाभित्र उत्पादित तरकारी लाई बजारीकरण गर्न आवश्यक पहल गरिनेछ ।
- कृषि बालीमा लाग्ने रोग किरा व्यवस्थापनका लागि आई.पि.एम. कृषक पाठशाला सञ्चालनमा ल्याईनेछ ।
- श्री लटीनाथ नमुना मा.वि.को सहकार्यमा माटो परिक्षण को कार्य गरिनेछ ।
- स्थानीय समुदाय लाई करेसाबारी खेती गर्न प्रोत्साहन गरिनेछ ।
- तरकारी उत्पादनका लागि सम्भावित क्षेत्रहरुको पहिचान गरि पोलिहाउस निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- विभिन्न महामारी रोगहरुबाट कृषकहरुको पशुपंक्षी क्षती न्युनीकरण गर्नको लागी खोप सेवा संचालनमा ल्याईनेछ ।
- भूक्षय न्युनीकरण गर्नका लागि लेकम गाउँपालिकाको सडक संजाल बिस्तार भएका ठाउँहरुमा सडक छेउछाँउ बहुबर्षे भुइघाँस तथा डाँलेघाँस उत्पादन कार्यक्रम यसै वर्षबाट संचालन गरिनेछ ।
- मासु पसल सुधार तथा डेरी प्रवर्धन कार्यक्रम संचालनमा ल्याइने छ ।

**उद्योग बाणिज्य घरेलु प्रवर्द्धन तथा लघु उद्यम**

- गाउँपालिका स्तरीय स्थानीय उत्पादनमा आधारित साना उद्योग खोल्न Start Up कार्यक्रम संचानलमा ल्याइने छ ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा.अध्यक्ष

- दैनिक उपभोग्य वस्तु जस्तैः साबुन, सोडा, मैनबत्ती, अगरबत्ती तथा सामाजिक, सांस्कृतिक कार्यमा जस्तैः जनै, दुबधागो, दुना टपरी आदि आवश्यक पर्ने वस्तु उत्पादनका लागि प्रोत्साहन गर्ने नीति ल्याइनेछ ।
- परम्परागत उत्पादनहरु पारो विन्ना, डोको डालो, नाम्लो डोरी, दुना टपरी, आरन आदिलाई निरन्तरता दिई तिनको संरक्षण, प्रवद्धनको लाागि सीप सिकेर स्रोत साधनको अभावमा बसिरहेका व्यक्तिहरुलाई व्यवसाय संचालन गर्न उचित सहयोग उपलब्ध गराइने छ ।
- उद्यमीहरुको उत्पादनलाई वजारीकरण गर्नको लागि आवश्यक पहल गरिने छ ।
- उद्यम विकास शाखाको सवलिकरण गरिनेछ ।
- उद्यम विकास र रोजगार सृजना सम्बन्धि रणनीतिक योजनाहरु तयार गरिनेछ ।
- बजारको माग श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना र ति उद्यमहरुको स्तरोन्नती गरिनेछ ।
- वैदेशिक रोजगारीलाई निरुत्साहीत गरी महामारीका कारण रोजगारी गुमाएकाहरुलाई पुनः मेड मोडेलका आधारमा रहि रोजगारी प्रदान गर्न उद्यम शिलता विकास तालिम र सिप विकास तालिम संचालन गरी थप आयआर्जन गर्नमा मदत गरिनेछ ।
- उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको विकास र क्षमता अभिवृद्धि गरिनेछ ।
- स्थानीय स्तरमै रोजगारीका अवसरहरु सृजना गरी गाउँपालिकालाई समृद्ध बनाउने ।
- उद्यम व्यवसाय गरी रहेका उद्यमीहरु लाई सिप विकास तालिम तथा प्रविधी हस्तान्तरण गर्ने ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष



राम दत्त जोशी
गा.पा.अध्यक्ष

- स्थानीय स्तरबाट उत्पादित बस्तुहरुको लेबलिङ तथा ब्राण्डिङमा सहयोग गर्ने ।
- स्थानीय स्तरमा उत्पादन गरीएका बस्तुहरुलाई स्थानीय तथा राष्टिय स्तरका मेला प्रदर्शनीमा पठाउन पहल गरिनेछ ।
- उद्यमीहरुलाई अवलोकन भ्रमणमा सहयोग गरिनेछ ।

**संस्कृति तथा पर्यटन**

- गाउँपालिका भित्र पर्यटकीय सम्भावना बोकेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरुको संरक्षण सम्बर्द्धन गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- हाम्रा मौलिक पहिचान बोकेका बाँजा गाजा एवम् पहिरनहरुको संरक्षण र प्रवर्द्धन गरिने छ । लेकम गाउँपालिकाको पहिचान सांस्कृतिक पर्वहरु भोडो, फाग, सगुन, ढुस्को, अठवालि, ठाडो खेल, भाडा तथा अन्य शुभ कार्यमा गाईने सगुन, कथा किंवदन्ति, विभिन्न देविदेवताको जनश्रुति आदि संस्कृति एवं अन्य अमूल्य निधीहरुको अध्ययन, अनुसन्धान, सर्म्बधन संरक्षण र प्रवर्धन गरिने छ ।
- पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी होटल, रेस्टुरेन्ट, होमस्टे, पदमार्ग लगायतका क्षेत्रको विकास गरिने छ ।
- यस गाउँपालिका भित्रका मठ मन्दिहरूमा मन्दिर व्यवस्थापन समिति गठन गरी मन्दिरको आम्दानिलाई व्यवस्थित गर्न लगत संकलन तथा मन्दिरको सम्पत्ति अभिलेखिकरण गरिने छ ।

**सहकारी तथा वित्तिय सेवा**

- स्थानीय सहकारी संस्थाको दर्ता, परिचालन, प्रवद्धन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने नीति लिई कार्यक्रम संचालन गरिने छ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष



राम दत्त जोशी
गा.पा. अध्यक्ष

- प्रत्येक घरधुरिलाई सहकारी, संस्था, समुहमा आबद्ध हुन प्रोत्साहित गरिने छ ।
- कृषि, शिक्षा, स्वास्थ्य, आवास, विद्युत, संचार, उपभोक्ता, फोहोरमैला संकलन तथा प्रशोधन, प्राङगारिक मल तथा जैविक विषादि उत्पादन गर्ने जस्ता वस्तुगत सहकारीको प्रवर्धन गरिने छ ।

## रोजगारि

- रोजगार सेवा केन्द्र मार्फत **युवा स्वरोजगार कार्यक्रम** लागु गरि प्रधानमन्त्रि रोजगार कार्यक्रममा सुचिकृत बेरोजगार व्यक्तिहरुका लागि प्राथमिकताको आधारमा रोजगारीमा संलग्न गराउन थप आवश्यक बजेट विनियोजन गरिने छ ।
- संङ्घीय सरकारको अनुदानबाट संचालित प्रधानमन्त्रि रोजगार कायक्रमलाई गाउँपालिकाको परिवेश अनुसार प्रभावकारी रुपमा लागु गरिने छ ।
- वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका दक्ष तथा अर्धदक्ष युवाहरुको सीप हस्तान्तरण एवम् उपयोगबाट नयाँ रोजगारी सृजना गर्ने नीति अबलम्बन गरिनेछ ।
- रोजगार सेवा केन्द्र मार्फत सीप विकास तथा परामर्श कार्य संचालन गरि सुरक्षित रोजगारीको अवसर प्रदानका लागि अभिमुखिकरण तालिम तथा सेवा प्रवाह गरिने छ ।
- वैदेशिक रोजगारीमा जान चाहने युवाहरुका लागि सुरक्षित प्रवासन सम्बन्धि सेवा उपलब्ध गराइने छ ।
- वैदेशिक रोजगारको नया श्रम स्वीकृति तथा नविकरण गर्न आवश्यक सेवा उपलब्ध गराइने छ ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा.अध्यक्ष

ग) सामाजिक क्षेत्र

१.शिक्षा

- गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको अवस्था अध्ययन गरी आवश्यकता अनुसार विद्यालय समायोजन, तह एवम् कक्षा समायोजन गरी वैज्ञानिक र व्यवस्थित ढङ्गले शिक्षक दरबन्दी मिलान गर्ने ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयमध्ये SEE परीक्षामा कम्तीमा ५ जना बिद्यार्थीलाई ३.६ जिपिएमा उत्तीर्ण गराउने विद्यालयलाई प्रोत्साहन स्वरुप Golden Pen सहित सम्मान गरिनेछ ।
- शिक्षणमा आधुनिक प्रविधिको प्रयोग गरी प्रभावकारी शिक्षण सिकाई सञ्चालन गर्न प्रत्येक सामुदायिक माध्यमिक विद्यालय र क्याम्पसमा १/१ वटा स्मार्ट बोर्ड प्रदान गरिनेछ ।
- प्रत्येक माध्यमिक तह सञ्चालित विद्यालयमा विषयगत ल्याब निर्माण गर्ने नीति अनुरुप आगामी आर्थिक वर्षभित्र ४ वटा विद्यालयमा विषयगत ल्याब स्थापना गरिनेछ ।
- अनुशासित र नैतिकवान विद्यार्थी तयार पारी सभ्य समाजको निर्माण गर्न प्रत्येक माध्यमिक विद्यालयमा बालक्लब, रेडक्रस एवम् स्काउट स्थापना गरिनेछ ।
- कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाई उचित सम्मानका साथ प्रोत्साहन उपलब्ध गराइनेछ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा.अध्यक्ष

- माध्यमिक तहको SEE परीक्षा र कक्षा १२ को परीक्षा पश्चात् विद्यार्थीहरुलाई भविश्यको उचित गोरेटो पहिल्याउन Career counselling program सञ्चालन गरिनेछ ।
- अनुगमन तथा सुपरिवेक्षण प्रक्रियालाई व्यवस्थित, प्रभावकारी र लक्ष्योन्मूख बनाउन गाउँपालिका भित्रका विज्ञ शिक्षक सहितको शिक्षक सहयोग संयन्त्र गठन गरी शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा प्रत्येक महिना एकीकृत रुपमा विद्यालय सुपरिवेक्षण गर्ने ।
- "खेल खेलौ, स्वस्थ रहौ" भन्ने मूल नाराका साथ विद्यालय तहदेखि नै खेलकुदको विकास गर्न प्रत्येक विद्यालयमा आन्तरिक खेलकुद प्रतियोगिता, वडागत खेलकुद प्रतियोगिता र पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- विद्यालय तहमा अध्ययनरत अनाथ, अपाङ्ग, गरीब तथा जेहेन्दार बालबालिकाहरुलाई पढाई निरन्तरताका लागि उचित छात्रवृत्ति प्रदान गरिनेछ ।
- शिक्षकहरुको क्षमता अभिवृद्धि गरी शिक्षण सिकाई क्रियाकलापमा टेवा पुर्याउने उद्देश्यले प्रारम्भिक बालविकास, आधारभूत र माध्यमिक तहका शिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।
- शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यका साथ विद्यार्थीलाई कक्षाकोठाबाटै व्यवसायिक ज्ञान र सीप प्रदान गर्नका लागि प्रत्येक माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरिनेछ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास गर्न विविध खालका विद्यालय र पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- औपचारिक शिक्षाको प्रारम्भिक चरणको रुपमा रहेको प्रारम्भिक बालविकासलाई बालमैत्री एवम् सिकाईमैत्री नमूना थलोका रुपमा विकास गरिनेछ ।
- प्रत्येक विद्यालयले समाज सुधारका लागि कम्तीमा ३ महिनामा १ पटक आफ्नो सेवा क्षेत्रभित्रका समुदायमा प्रत्यक्ष रुपमा उपस्थित भइ सामुदायिक सचेतनामूलक अभियान अन्तर्गत अगुवाई गर्न 'समुदायका लागि विद्यालय कार्यक्रम' सञ्चालन गरिनेछ ।
- पालिकाभित्र रहेका आधारभूत विद्यालयहरुमध्ये निश्चित मापदण्ड र सूचकका आधारमा कम्तीमा ५ वटा विद्यालयहरुलाई नमूना आधारभूत विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- प्रत्येक विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- गाँउपालिकाको एक मात्र उच्च शैक्षिक संस्था श्री कृष्ण स्नातक क्याम्पस लालीको स्तरोन्नती गर्दै उक्त क्याम्पसलाई आगिंक क्याम्पस बनाउन पहल गरिनेछ ।

## स्वास्थ्य

- यु.एस.जी.(Ultra Sound) मार्फत सबै वडामा गर्भवती जाँच गर्न उपयुक्त तालिम तथा उपकरणको व्यवस्था गरिनेछ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष



राम दत्त जोशी
गा.पा.अध्यक्ष

- पालिका भित्रका मुख्य मुख्य स्वास्थ्यकेन्द्रहरुको प्रयोगशाला सेवालाइ थप प्रभावकारी एवम गुणस्तरीय बनाइने छ।
- बर्थिङ सेन्टर, खोप केन्द्रहरुको गुणस्तर सुधारमा जोड दिइनेछ।
- स्वास्थ्य स्वयंसेवीकाहरुलाई विशेष प्रोत्साहन भत्तास्वरुप वितरण गरिने रकमलाई निरन्तरता दिइनेछ।
- उपाध्यक्ष स्वास्थ्य उपचार कार्यक्रम संचालनमा ल्याई आङ खसेका महिलाहरुका लागि सबै वडाहरुमा बिशेषज्ञ घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ। साथै यस समस्या झेलिरहेका महिलाहरुका लागि शल्यक्रिया गराउन आवश्यक सहयोग गरिनेछ।
- उपाध्यक्ष कोशेली अन्तरगत सुत्केरी महिलाका लागि आवश्यक पोषण सहितको कोशेली झोला कार्यक्रम संचालन गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिइनेछ । साथै विशेष अनुदानका लागि सम्बन्धित निकायसँग पहल गरिनेछ।
- निर्माण सम्पन्न भई सकेका सबै आधारभूत स्वास्थ्य सेवा केन्द्र र बर्थिङ सेन्टरहरुमा औषधी उपकरण तथा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्यकर्मीहरुलाई (USG) लगायत विभिन्न क्षमता अभिवृद्धि तालिम कार्यकमहरु संचालन गरिनेछ।
- अध्यक्षसंग विशेषज्ञ सहितको जेष्ठ नागरिक घुम्ती स्वास्थ्य परिक्षण शिविर कार्यक्रम संचालन गरि नसर्ने रोगहरु (उच्चरक्तचाप, मधुमेह, क्यान्सर, डिप्रेसन लगायतको) को निदान गर्नसेवा संचालन गरिनेछ।
- गर्भवती महिलालाई प्रशवको वेलामा जटिलता आई अन्य अस्पतालमा रिफर गर्नु पर्ने भएमा निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

खानेपानी तथा सरसफाइः

- खानेपानी तथा सरसफाई ईकाई पालिका स्तरमा राख्न पहल गरिनेछ।
- खानेपानिको दिर्घकालिन उपयोगलाइ मध्यनजर गर्दै खानेपानिका स्रोतहरुको पहिचान तथा संरक्षणमा विशेष जोड दिइनेछ।
- संचालनमा रहेका खानेपानि योजनाहरुको मर्मत संभार र सरसफाइ गरि शुद्धिकरण गरिनेछ।
- जलस्रोत संरक्षणका लागि परम्परागत खाल, पोखरी, र मुहानहरुको संरक्षण गरिनेछ।

## सामाजिक समावेशिकरण

- सामाजिक रूपान्तरण मार्फत गरिबी न्युनीकरण लाई सहयोग पुऱ्याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिवृद्धि गर्न र सेवा प्रवाहमा उनीहरूको पहुँच अभिवृद्धि गर्नकालागि सांचालित सामाजिक परिचालन कार्यक्रमहरुलाई अझ सशक्त र प्रभावकारी बनाउन आश्यकता अनुसार वडा, बस्ती स्तरमा टोल विकास समितिहरु गठन गर्ने नीति अविलम्बन गरिने छ।
- विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यान्वयनमा महिला सहभागिता सुनिश्चिता कायम गर्दै लैगिंक सशक्तीकरण तथा सामाजिक समावेशिकरणको नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि कार्यक्रमहरू संचालन गरिने छ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- वादी समुदायका परिवारलाई धुवा मुक्त कायक्रम संचालनमा ल्याई प्रत्येक घरधुरीलाई सिलिण्डर सहित ग्याँस चुलो वितरण गरिनेछ ।
- अनाथ, अपाङ्ग, तथा सामाजिक रुपमा बञ्चितिकरण परेका सवै वर्गलाई मुलधारमा ल्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउपालिकावाट प्रदान गरिने सेवाहरुमा अपाङ्ग, जेष्ठ नागरिक, वालवालिका, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार प्रदान गरिनेछ ।
- महिलाहरुका लागि जीविकोपार्जन तथा सीप विकास कार्यक्रमहरुमा सक्रिय समावेशिता एवं सहभागिता सुनिश्चित गरिनेछ ।
- लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराधजन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइने छ ।
- महिलासंग उपाध्यक्ष कार्यक्रम संचालन गरि महिला सशक्तीकरणमा जोड दिइने छ ।
- किशोरीहरुलाई सचेतना कार्यक्रमको माध्यमबाट बालविवाह नियन्त्रण सम्बन्धि कार्यक्रम संचानल गरिने छ ।
- अपागंहरुको क्षमता अभिबृद्धि तथा सीपमुलक कार्यक्रम संचालन गरिने ।
- दलितहरुको परम्परागत पेशा तथा सीप प्रवर्द्धन गरिनेछ ।
- समाजको सम्मानित व्यक्तित्वको रुपमा मानिने जेष्ठ नागरिकहरुको उचित सम्मान गरिनेछ ।
- टुहुरा वालवालिकालाई दिईदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- बालक्लवहरु मार्फत बालबालिकाहरुको क्षमता अभिबृद्धि ,नेतृत्व विकासकको प्रयास गरिनेछ ।

**भौतिक पुर्वाधार तर्फः**

**भवन तथा आवासः**

- निर्माणाधिन प्रशासकीय भवनको निमार्ण काय तिर्ब गतिमा अगाडि बढाइ समयमै सम्पन्न गरिनेछ ।
- पालिका क्षेत्र भित्र निमार्ण हुने भवन हरुमा भवन संहिता पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- आगामी आ.व देखि पालिका क्षेत्र भित्र बनिसकेका घरहरु अनिवार्य रुपमा पालिकामा अभिलेखिकरण गर्ने तथा नया बन्ने घरहरु अनिवार्य नक्सा पास गराई बनाउनु पर्ने नीति लिइएको छ ।

**सडक तथा यातायातः**

- बिगतमा ट्र्याक खुलेका सडकको चक्लाबन्दी स्तरोन्नती गरिने छ ।
- गोकुले-लाली सडक खण्डलाइ बाह्रै महिना सञ्चालनमा ल्याउने गरि स्तरोन्नती गरिने छ ।
- सडक पहुँच नपुगेका बस्तीहरुसम्म सडक पुऱ्याउनका लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय गरी सडक विस्तार गरिने छ । गाउपालिकाको एक्जाभेटर प्रयोग गरि DPR भएका सडक हरुलाई प्राथमिकताका आधारमा क्रमबद्धरुपमा सडक निर्माण गरिनेछ । गाउपालिकाको हरेक वस्तीमा सडकको पहुँच पुऱ्याउन यसै वर्ष वृहत कार्ययोजना ल्याई निर्माण कार्य अगाडी बढाइने छ ।
- प्राविधिक कर्मचारीहरुको लागि पुनरताजगी (Refreshment) तथा अभिमुखिकरण तालिमहरु संचालनमा गरिने छ ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा.अध्यक्ष

- समयावधि भित्र गुणस्तरिय कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- बिभिन्न बस्तीहरुलाई जोड्न तथा नागरिकको दैनिकीलाई सरल र सहज बनाउन सबै खोलाहरुमा झोलुङ्गे पुल तथा पक्की पुल निमार्णका लागि संघीय र प्रदेशसरकारसंग पहल गरिनेछ ।
- आकस्मिक र आपतकालिन हवाई उद्धारको लाग गाउँपालिको कुनै एक स्थानमा हेलिप्याड निमार्ण गरिने छ ।

**सुचना ,प्रविधि तथा संचारः**

- छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाहको लागि गाउँपालिकाकाको कार्यालय, सबै वडा कार्यालयहरुमा, स्वास्थ्य चौकीहरुमा यसै वर्ष भित्रमा नेपाल टेलिकमसंग समन्वय गरि अप्टिकल फाइवर सहितको इन्टरनेट सेवा जडान गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका नेपाल टेलिकमको टावरको क्षमता अभिवृद्धी गरी फोन तथा 4G Internet सेवा गुणस्तर वृद्धी गरी नियमित रुपमा सूचारु गर्न नेपाल टेलिकम सँग पहल गरी आवश्यक व्यवस्था मिलाईनेछ । अन्य दुरसंचार कम्पनीलाई समेत सेवा विस्तारको लागि आवश्यक पहल गरिनेछ ।
- एफ.एम.रेडियो, पत्रपत्रिका, अनलाइन संचार माध्यम एवंम सामाजिक सञ्जालको संचालन तथा अधिकतम प्रयोग गरी जनचेतना, कृषि सेवा, मौसम पूर्वाअनुमान, यातायात तथा ट्राफिक नियम सम्बन्धी संदेश, बजार मूल्य, विपद तथा महामारी विरुद्ध सचेतना र विभिन्न किसिमका जनचेतनामुलक रेडियो कार्यक्रमहरु उत्पादन गरी प्रसारणको व्यवस्था मिलाइने छ ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा.अध्यक्ष

## विद्युतिकरण तथा उर्जा

- उज्यालो लेकम अर्न्तगत विद्युतीकरण भएका बस्तीको प्रसारण लाईन व्यवस्थित गर्दै विद्युत नपुगेका घरधुरीमा तत्काल विद्युतीकरण गरिने छ ।
- विद्युत महशुल भुक्तानीको लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरि विद्युत महशुल संकलन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- बिद्युतीय चुलो लगायतका आधुनिक उर्जाको प्रयोगमा जोड दिईनेछ ।

## भुमी व्यवस्था

- गाउँपालिका भित्रको सबै जमिनको वर्गिकरण गरिने छ ।
- मालपोत तथा जग्गा प्रशासनका कार्यहरु स्थानीय तहबाट गर्न संघ सरकारसंग सहकार्य गर्दै, स्थानीय तहमा भू:सेवा केन्द्र स्थापना गर्नका लागि आवश्यक पहल गरिने छ ।
- कृषि उत्पादन वृद्धिका लागि जग्गा चक्लाबन्दीलाई प्रोत्साहित गरिने छ ।
- सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापन र एकीकरण गने कार्यक्रम सञ्चानल गरिने छ ।
- निजी जमिन, मन्दिरको क्षेत्र, विद्यालयको क्षेत्र, सार्वजनिक जमिन, पर्ती ऐलानी जमिन, सामुदायिक वन क्षेत्र, वडा तथा गाउँपालिकाको क्षेत्र तथा सीमा क्षेत्र यकीन गराउन सम्बन्धित निकायमा पहल गर्ने/गराउने नीति लिइने छ ।

## जलस्रोत तथा सिचाँइ :



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- सतह तथा भूमिगत सिचाँइ, पोखरी निमार्ण, कुलो तथा नहर निर्माण र मर्मत जस्ता उपायवाट संघ र प्रदेशको सहकार्यमा सबै कृषि योग्य क्षेत्रमा नियमित रुपमा सिचाँइ गर्ने व्यवस्था गरिने छ ।
- सिचाँइको कुलो स्तरोन्नती गरी खेतसम्म सहज रुपमा सिचाँइ उपलब्ध हनु व्यवस्था गरी नहर, कुलोको दिर्घकालीन मर्मत र व्यवस्थापनको जिम्मा समुदायलाई दिइने छ।
- सिंचाईका लागि मुहानको सम्भाव्यता हेरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ सिचाइ योजनाहरु संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ।

**वातावरण तथा विपद् व्यवस्थापन**

- जलवायु परिवर्तन, जल तथा मनसुनजन्य प्रकोप नियन्त्रण, वन डढेलो नियन्त्रण, विभिन्न किसिमका प्राकृतिक तथा अन्य विपद्को तत्काल व्यवस्थापन तथा प्रतिकार्य गर्नका लागि वातावरण तथा विपद् व्यवस्थापन कोष स्थापना गरिने छ।
- वैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्बन्धित निकायमा पहल गरिने छ ।
- हरित सडक निमार्णमा जोड दिदै अम्रिसो, बाँस, निगालो, धुपी, गुराँस लगायत अन्य जातका बिरुवाहरु सडकको छेउमा लगाउन वृक्षारोपरण अभियान संचालन गरिने छ।
- भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशिल मानिएका तथा उच्च जोखिममा रहेका क्षेत्रहरुलाई पहिचान गरी संरक्षण गरिनेछ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- मनसुन जन्य विपदबाट प्रभावित घरपरिवारलाइ आवश्यक राहत उपलब्ध गराइनेछ ।
- वनमारा जस्ता वनलाई हानी पुऱ्याउने वनस्पति तथा पुराना रुख, काठ हटाइ बहुमूल्य बिरुवा वृक्षारोपण तर्फ ध्यान दिईनेछ ।
- सामुदायिक वन तथा निजी वन दर्ता, नविकरण र व्यवस्थापन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- वन, कृषि, भू-जलाधार तथा वातावरण संरक्षण, आदि परस्पर सम्बन्धि विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।
- नाङ्गा डाँडाकाडाहरुमा बृक्षारोपण गर्न वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख बिरुवा एंव जडीबुटी, फलफूललाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिनेछ ।
- नदी तथा खानीजजन्य पदार्थको उत्पादन अर्न्तगत पानी, ढुङ्गा, गिट्टी, बालुवा, खनिज लगायतको वस्तुलाई दिगो विकासमा असर नपर्ने गरि पर्यावरणीय अध्ययनका आधारमा मात्र उपयोग तथा उपभोग गर्ने नीति ल्याइनेछ ।
- भौतिक पूर्वाधार संरचनाहरुको निर्माण गर्दा वातावरणीय पूर्व अध्ययन मूल्याङ्कन(IEE/EIA) अनुसार मात्र गरिनेछ ।

**राजश्व सम्बन्धि नीतिः**

- एकीकृत सम्पत्ति कर यसै आ.व.को शुरुदेखि लागु गरिनेछ ।
- आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- 'कर नै समृद्धिको भर" भन्ने मूल नाराका साथ गाउँपालिकाभित्र संकलन हुने कर राजस्वलाई विद्युतिय माध्यमबाट संकलनको व्यवस्था मिलाइ कर राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ।
- राजस्व प्रशासनलाई चुस्तदुरुस्त बनाइ कर आधारको संरक्षण गरि करको दर भन्दा दायरा फराकिलो बनाउदै कर चुहावटलाई नियन्त्रण गरिनेछ । साथै गाउँपालिकाबाट हुने सबै भुक्तानी विद्युतीय माध्यमबाट गरिनेछ।

## पेश्की/बेरुजु फछ्र्यौट सम्बन्धी नीति

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ।
- पुरानो पेश्की, बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फछ्र्यौट गराउन आवश्यक पहल गरिनेछ।
- निर्माण व्यवसायीले पेश्की तथा बेरुजु फछ्र्यौट गरे पछि मात्र सम्झौता प्रक्रिया अगाडी बढाइनेछ।

## सुशासन तथा संस्थागत विकास

- सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन आवश्यक व्यवस्था मिलाईनेछ। कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ। कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई मापदण्ड तोकी उचित प्रोत्साहनको व्यवस्था गरिनेछ। कर्मचारीलाई सेवाप्रवाह प्रति लगनशील र कर्त्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइनेछ।
- गाँउपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ।

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- गाँउपालिकाको आवधिक योजना तयार गरी विकास निर्माणको कार्यलाई योजनाबद्ध बनाई अनुमानयोग्य बनाईने छ ।
- सेवा प्रदायक सबै संघसंस्था तथा कार्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन र कार्यसम्पादन कार्यलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- लेकम गाउँपालिका भित्र काम गर्ने कार्यरत करार कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको शुरुवात गरिनेछ ।
- मुस्कान सहितको सेवा प्रणाली लागु गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यालयहरुमा समेत गुनासो संयन्त्र निर्माण गरिनेछ ।
- पालिका वा पालिका अन्तरगत स्थायी वा सेवा करारमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा को प्रबन्ध गरी योगदानमा आधारित एक छुट्टै कोष स्थापना गरिनेछ ।
- कर्मचारीहरुको र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, रिफ्रेसमेन्ट, नमुना गाउँपालिका भ्रमण आदिको व्यवस्था गर्ने नीति लिइनेछ ।
- अन्तर पालिकाको सहअस्तित्व, सहकार्य, समन्वय, आधारमा सार्वजनिक शिक्षाको सवलिकरण गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह, सामाजिक विकृति तथा विसंगतीको अन्त्य, रोजगारीका नयाँ अवसरको सृजना, सडक सञ्जाल, विद्युतीकरण, सञ्चार लगायतका बहुआयामिक पक्षहरुको सुधारका लागि साझेदारीका लागि अनुभव आदानप्रदानको नीति अवलम्बन गरिनेछ ।

**न्यायिक कार्य सम्बन्धी व्यवस्था**

- न्यायिक कार्यलाई नियमन तथा व्यवस्थित गरिनेछ ।



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, न्यायोचित, निष्पक्ष बनाइनेछ ।
- गाउँपालिकाले न्याय निरुपण गर्ने विषयहरुको जानकारी गर्न प्रत्येक वडामा न्यायिक अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समिति मार्फत विवादहरुको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरु संचालन गरी छिटो छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै न्याय प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि सेवा सुचारु गरिनेछ ।
- माध्यमिक तहसम्मका विद्यालयहरुमा किशोरा अवस्थाका बालबालिकाहरुलाई लक्षित गरि उपाध्यक्ष न्यायिक अभिमुखिकरण कार्यकम सञ्चालन गरिनेछ ।

**पञ्जिकरण तथा सामाजिक सुरक्षा**

- व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाइ पारदर्शी बनाइ लाभग्राहीसम्म पहुँच विस्तार गरिनेछ । व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम लाई थप प्रभावकारी बनाईनेछ ।
- निश्चित उमेर पुगेका एकल पुरुषलाई कार्यविधि निर्माण गरी एकल पुरुष भत्ता वितरण गरिनेछ । सामाजिक, पारिवारिक रुपमा एक्लिएका महिलाहरुलाई संरक्षण गर्न आवश्यक प्रबन्ध गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई वैकिंग माध्यमबाट हरेक वडामा त्रैमासिक रुपमा एक दिने शिविर संचालन गरिनेछ ।

अन्त्यमा,



माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष

लेकम गाँउपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधी, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूहहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघ संस्था सुरक्षाकर्मी, पत्रकार, लेकमवासी, वुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

रामदत्त जोशी
अध्यक्ष
२०८० असार ७, बिहिवार

माधवी जोशी
गा.पा. उपाध्यक्ष

राम दत्त जोशी
गा.पा. अध्यक्ष